# भूमे साप्ताहिक

वर्ष ५ अङ्क ३३ २०८० पुस १८ बुधबार




## सम्पादकीय

# कृषि मेला हुनु सकारात्मक

भूमे गाउँपालिकाको कार्यालय खाबाङ बगरमा यही पुस २५ र २६ गते गाउँपालिका स्तरीय बृहत कृषि मेला प्रदर्शनी हुन लागेको छ । भूमे गाउँपालिका र विकास सरोकार समाज रोल्पाले संयुक्त रुपमा कृषि मेला प्रदर्शनी गरेर यहाँका कृषकहरुलाई प्रोत्साहन गर्न र कृषि कर्ममा लाग्न थप प्रेरित गरेको छ। स्थानीय सरकारले यसरी आफ्नै गाउँ ठाउँमा कृषि मेला प्रदर्शनी गरेर उत्कृष्ट कृषकहरुलाई पुरस्कृत गर्ने कार्यले उनीहरुलाई कृषि कर्मतर्फ थप प्रोत्साहन हुने गर्दछ।

मेलामा भूमे गाउँपालिका भित्रका कृषक, उद्यमीहरु तथा विभिन्न कृषि, पशुपन्छी, मत्स्य फार्म, कृषक समूह लगायत कृषि सहकारी संस्थाले आफुले उत्पादन गरेको कृषि, पशुपन्छी, मत्स्य, हस्तकला, लघुउद्यमजन्य उत्पादित बाली र वस्तुहरु मेलामा प्रदर्शन गर्न पाउने छन्। प्रदर्शनीमा राखिएका बाली तथा वस्तुहरुको छनोट तथा मूल्याङ्कन गरी उत्कृष्ट कृषक, उद्यमी वा समूहलाई पुरस्कृत गरिने गाउँपालिकाले जनाएको छ। यस कार्यका लागि गाउँपालिका परिवारलाई धन्यवाद दिनै पर्दछ। कृषि क्षेत्रको प्रवद्र्धन गर्नका लागि कृषि मेला, हाटबजारजस्ता कार्यक्रम स्थानीय सरकारले नियमित रुपमा सञ्चालन गर्नुपर्दछ।


प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# रुकुमकोटमा जिल्लास्तरीय कृषि मेला प्रर्दशनी



मेलामा जिल्लामा उत्पादन भएका फलफूल बाली, खाद्यान्न, तेलहन, दलहन बाली, तरकारी, नगदे बाली, मसला बाली, मौरी, माछा पशुपन्छी र विभिन्न उद्योगका फलामजन्य औजार र अर्गानिक अल्लोबाट बनाइएका लत्ताकपडा लगायतको प्रदर्शन गरिएको थियो।

❖ बालाराम शेर्पाली

रुकुम पूर्व । ‘कृषि पर्यटन उद्योगमा विस्तार, समृद्ध रुकुम (पूर्व) को मुल आधार’ भन्ने नाराका साथ जिल्लास्तरीय बृहत कृषि मेला प्रर्दशनी २०८० सम्पन्न भएको छ। यही पुस १५ र १६ गते सिस्ने गाउँपालिका-६ रुकुमकोटमा जिल्लास्तरीय कृषि मेला तथा प्रदर्शनी सम्पन्न भएको हो।

एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, सिस्ने गाउँपालिकाको कार्यालय र युनाइटेड मिसन टु

नेपाल रुकुम पूर्व कलष्टर, मिक नेपालको संयुक्त आयोजनमा कृषि मेला प्रर्दशनी सञ्चालन भएको थियो।

कृषकहरुको उत्पादकत्व वृद्धि गर्न र कृषकबीच प्रतिस्पर्धा गर्नको लागि कृषि मेला तथा प्रदर्शनी कार्यक्रम गरिएको एकीकृत कृषि तथा पशुपक्षी विकास कार्यालयका प्रमुख पिताम्बर बस्नेतले जान्कारी दिनुभयो। हरेक वर्ष कृषि मेला तथा प्रदर्शनी कार्यक्रमले कृषकमा कृषि उत्पादनका लागि ऊर्जा दिइरहेको बस्नेतले बताउनु भयो।

कृषि कार्यालयमार्फत् उत्कृष्ट कृषक पुरस्कृत गर्दा कृषकले कृषि उत्पादकत्व वृद्धि गर्न प्रेरणा मिल्ने गरेको मेलामा भाग लिएका भूमे ९ चुनबाङका कृषक पदम पुनले बताउनु भयो। कृषि उत्पादन गरेर जिल्लालाई कृषिमा आत्मनिर्भर गर्नका निम्ति जिल्लास्थित सरकारी कार्यालय लाग्नुपर्ने समेत उहाँको भनाइ छ।

मेलामा जिल्लाभर उत्पादन हुँदै आएको फलफूल बाली, खाद्यान्न, तेलहन, दलहन बाली, तरकारी, नगदे बाली, मसला बाली, मौरी, माछा पशुपन्छी र विभिन्न उद्योगका फलामजन्य औजार र अर्गानिक अल्लोबाट बनाइएका लत्ताकपडा लगायतको प्रदर्शन गरिएको थियो। मेलामा प्रदर्शनको लागि ५ सय ७५ बढी कृषकले कृषि सामग्री प्रदर्शन गरेका थिए। जसमा उत्कृष्ट १ सय २३ जना किसानलाई नगद र प्रमाण पत्रले पुरस्कृत गरिएको छ। कृषिका विभिन्न विधामा उत्कृष्ट ९ जना कृषकलाई प्रथम पुरस्कार, ७ जनालाई द्वितीय पुरस्कार, १२ जनालाई तृतीय पुरस्कारका साथै अन्य ९५ जनालाई सान्त्वना पुरस्कार वितरण गरिएको एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयका कृषि अधिकृत थलराज बस्नेतले जानकारी दिनुभयो।

उत्पादन हुँदै आएका विभिन्न बालीहरुको प्रदर्शनका साथै मेहनती किसान तथा उद्यमीहरुलाई सम्मानका तथा हौसला प्रदान गर्ने उद्देश्यले कृषि मेलाको आयोजना गरिएको बस्नेतले जानकारी दिनुभयो।

लुम्बिनी प्रदेशका कृषि तथा भूमिव्यवस्था मन्त्री भण्डारीलाल अहिरले रिवन काटेर उद्घघाटन गर्नुभएको थियो। मन्त्री अहिरले कार्यक्रममा बोल्दै लुम्बिनी प्रदेशको एक मात्र हिमाली जिल्ला रुकुम पूर्वलाई बढाइदिनु भएको छ। म कृषि मन्त्री भएको नाताले कृषकहरुको सल्लाह सुझाव







र समस्यालाई बुझ्दै र अगाडि बढ्ने र यहाँ भएको समस्यालाई हल गर्ने र सघाउ पुग्ने काम गर्ने प्रतिवद्धता जनाउनु भयो।

सिस्ने गाउँपालिका अध्यक्ष कृष्ण रेग्मीको अध्यक्षता र लुम्बिनी प्रदेश सरकारका कृषि तथा भूमिव्यवस्था मन्त्री भण्डारीलाल अहिरको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति प्रमुख मेघबहादुर श्रेष्ठको विशेष आतिथ्य रहेको थियो।

त्यस्तै कार्यक्रममा जिसस उपप्रमुख मोहन बहादुर केसी, भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी माधवप्रसाद शर्मा, जिल्लाका विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, जिल्लास्थित सरकारी तथा गैरसरकारी कार्यालयका प्रमुख एवम् प्रतिनिधिको आतिथ्यता रहेको थियो। कार्यक्रमको सञ्चालन कृषि अधिकृत थलराज बस्नेतले गर्नुभएको थियो।

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रूकुम पूर्वको सूचना

पूर्ण सरसफाइ प्राप्तिको लागि निम्न कुरा अबलम्बन गरौं।

- दिसा पिसाबका लागि चर्पीको मात्र प्रयोग गरौं ।
- दिसा पिसाब गरिसकेपछि, खाना पकाउनुअघि र खाना खानुअघि साबुनपानीले राम्रोसँग हात धुने गरौं ।
- घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धिकरण गरौं।
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।
- सुरक्षित खानाको प्रयोग गरौं ।
- घरभित्र र बाहिरका तरल, पच्ने र नपच्ने ठोस फोहोरमैलाको उचित व्यवस्थापन गरौं।







# मारिङ सहकारीको साधारण सभा सम्पन्न

❖ बालाराम शेर्पाली




रुकुम पूर्व । मारिङ बहुउद्देश्यीय सहकारी संस्थाको छैटौं बार्षिक साधारण सभा आइतबार सम्पन्न भएको छ।

साधारण सभामा अध्यक्षको बार्षिक प्रतिवेदन २०७९/८० प्रस्ताव प्रतिवेदनमाथि छलफल, संस्थाको कोषाध्यक्ष आर्थिक प्रतिवेदन २०७९/०८० र भाबी बजेट २०८०/०८१ सम्बन्धी छलफल गरिएको छ। त्यस्तै लेखा समितिको तर्फबाट लेखा संयोजकको वार्षिक प्रतिवेदन २०७९/०८०, संस्थाको २०७९/०८० को लेखा परीक्षण प्रतिवेदनमाथि पनि छलफल गरिएको हो।

चालु आर्थिक बर्ष २०८०/०८१ को लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक सम्बन्धी छलफल, सञ्चालक समितिले हालसम्म गरेका निर्णयहरुलाई अनुमोदन, शेयर सदस्य वृद्धि तथा शेयर पुँजी थप गर्ने सम्बन्धमा छलफल गर्नुका साथै निर्णय पुस्तिकामा हस्ताक्षर गर्न सञ्चालक र शेयर सदस्यहरुबाट १/१ जना प्रतिनिधि चयन पनि गरिएको थियो।

सहकारी संस्थाका अध्यक्ष रामसुर बुढाको अध्यक्षता तथा जिल्ला समन्वय समिति रुकुम पूर्वका प्रमुख मेघबहादुर श्रेष्ठको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठ, एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय रुकुम पूर्वका प्रमुख पिताम्बर बस्नेत, जिल्ला सहकारी संघका अध्यक्ष वसन्त कुमार श्रेष्ठ, भूमे गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत देविलाल विक, मारिङ सहकारी संस्थाका सदस्यहरुको उपस्थिति रहेको थियो। साधारण सभाको सञ्चालन संस्थाका व्यवस्थापक सन्दीप अधिकारीले गर्नुभएको थियो।

# स्वच्छ दुध उत्पादनसम्बन्धी तालिम



❖ बालाराम शेर्पाली

रुकुम (पूर्व) । भूमे गाउँपालिका वडा नम्बर ६ तामारीका कृषकहरुलाई स्वच्छ दुध उत्पादन सम्बन्धी तिन दिने अन्तरक्रियात्मक तालिम दिइएको छ।

भूमे गाउँपालिका पशु शाखा केन्द्रको आयोजनामा भएको तालिममा पशुवस्तुको छनोट, पोसिलो घाँस व्यवस्थापन, गोठ व्यवस्थापन, सरसफाइ र पशुमा लाग्ने मुख्य रोगका साथै दुध उत्पादनमा असल व्यवस्थापन अभ्यास प्रणालीबारे छलफल गरिएको थियो।

पशुहरुमा लगाउने भ्याक्सिनहरु हामीले सबै कृषकहलाई प्रशस्त मात्रामा भ्याक्सिन उपलब्ध गराउने बताउनु भयो। तालिममा दुध कसरी दुहुने, दुहेको दुधको व्यवस्थापन लगायतका विषयमा कृषकहरुलाई सिकाइएको तालिमका प्रशिक्षक एवं भूमे गाउँपालिका पशु शाखा केन्द्रका प्राविधिक नारायण ओलीले बताउनु भयो। "दुध दुहुने बेला तथा दुधलाई एक ठाउँबाट अर्को ठाउँमा परिवहन गर्ने बेला दुध अस्वच्छ हुने गर्दछ। दुधमा माटोको कण, रौं, घाँस तथा परालजन्य फोहर दुधमा पर्न सक्छ," ओलीले भन्नुभयो, "दुहुने मानिसले दुध दुहुनुभन्दा पहिले र दुध दुहिसकेपछि हात राम्रोसित धुने, सफा लुगा लगाउने, कपाल छोप्ने, नङ काट्ने जस्ता कुरा ख्याल गर्नुपर्दछ।" गुणस्तरीय दुध उत्पादन गरी पशुपालक किसानलाई बढीभन्दा बढी मुल्य दिन तालिमले सहयोग गर्ने ओलीले बताउनु भयो। आफ्नै घर आँगनमा तालिम दिदा किसानहरु खुसी भएका छन्। तालिममा २५ जना किसानहरुको सहभागिता रहेको थियो।

# माघे संक्रान्तिको अवसरमा खेलकुद प्रतियोगिता

## खेलकुद कार्यक्रममा पुरुष तथा महिला भलिबल, लोकदोहोरी, नृत्य, रस्साकस्सी, घैंटोफोर, धनुषवाण लगायतका प्रतियोगिता आयोजना गरिएको छ।

❖ **बालाराम शेर्पाली**




रुकुम पूर्व । माघे सङ्क्रान्तिको अवसरमा भूमे गाउँपालिका वडा नम्बर ८ कोर्जामा विविध खेलकुद प्रतियोगिता सञ्चालन हुने भएको छ। छिनोफानो प्रगतिशील मयूर युवा क्लवले संस्थाको १२ औं वार्षिकोत्सवका साथै **माघे** संक्रान्तिको अवसरमा खेलकुद आयोजना गरेको हो।

स्वाथ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद भन्ने मुल नाराका साथ पुस २७ गतेदेखि विभिन्न विधामा खेलकुद प्रतियोगिता आयोजना गरिएको युवा क्लवका निवर्तमान सचिव सुनिल बुढा मगरले बताउनु भयो। उहाँका अनुसार खेलकुद कार्यक्रममा पुरुष तथा महिला भलिबल, लोकदोहोरी, नृत्य, रस्साकस्सी, घैंटोफोर, धनुषवाण लगायतका प्रतियोगिता आयोजना गरिएको छ।

जसमा पुरुष भलिबलतर्फ विजेता टोलीलाई ४५ हजार नगदसहित कप, मेडल र प्रमाणपत्र, उपविजेतालाई २२ हजार ५ सय रुपैयाँ नगदसहित मेडल र प्रमाणपत्र, तेस्रो हुनेलाई ११ हजार ५ सय रुपैयाँ नगदसहित मेडल र प्रमाणपत्र एवं सान्त्वना हुनेलाई ११ हजार ५ सयसहित प्रमाणपत्र दिने आयोजकले जानकारी दिएको छ।

त्यस्तै महिला भलिबलतर्फ विजेता टोलीलाई ३० हजार, दोस्रोलाई १५ हजार, तेस्रोलाई ७ हजार ५ सय र सान्त्वनालाई ५ हजार रुपैयाँका साथै सबै टोलीलाई कप, मेडल र प्रमाण पत्र हुनेछ।

नृत्यतर्फ प्रथम, दोस्रो र तेस्रो हुनेलाई क्रमशः ३ हजार ५ सय, १ हजार ८ सय र ९ सय रुपैयाँ नगदसहित मेडल र प्रमाणपत्र, घैंटो फोरमा विजेतालाई १ हजार नगदसहित मेडल र प्रमाणपत्र, धनुष वाण विजेतालाई ३ हजार नगदसहित मेडल र प्रमाणपत्र, लोकदोहोरीतर्फ प्रथम, दोस्रो र तेस्रो हुनेलाई क्रमशः ५ हजार, २ हजार ५ सय र १ हजार २ सय नगदसहित मेडल र प्रमाणपत्र एवं रस्साकस्सीतर्फ प्रथम हुनेलाई रातो भालेसहित मेडल र प्रमाणपत्र पुरस्कार प्रदान गर्ने बुढामगरले बताउनु भयो।

भलिबल प्रतियोगिता महिला पुरुष दुवै खेलाडीहरु आफ्नो परिचय खुल्ने प्रमाण र पोशाकसहित गाउँ स्तरिय खेलाडी उपस्थित हुन आग्रह गरेको छिनोफानो प्रगतिशील मयूर युवा क्लवका अध्यक्ष अनिल रोका मगरले जानकारी दिनुभयो।

# धार्मिक पर्यटकीय स्थल प्रभु महाराजको कुटी

❖ बालाराम शेर्पाली



रुकुम (पूर्व) । पर्यटकलाई आकर्षण गर्न सकिने क्षेत्रमध्ये गुफा पनि एक हो। भौगोलिक रुपमा विकट भए पनि पूर्वी रुकुममा दर्जनौं गुफाहरु रहेका छन्। तीमध्ये भूमे गाउँपालिकाको वडा नं. ३ मा पर्ने धार्मिक पर्यटकीय स्थल प्रभु महाराजको कुटी गुफा झुम्लाबाङको सिरानमा रहेको छ। प्रभु महाराज त्यहीं अन्तरध्यान भएको विश्वासका आधारमा गाउँलेहरु उक्त स्थानलाई विशेष धार्मिक स्थलको रुपमा श्रद्धा गर्दछन्। झुम्लाबाङ सिरानको तीर्थस्थल चम्बाङमा अहिले पनि गुफा, कुटीको भग्नावशेष र यज्ञ कुण्ड रहेको छ।

आजभन्दा करिव ३ सय वर्ष अगाडि चम्बाङमा एक योगी प्रभु महाराज बस्दथे। गाउँलेहरु प्रभु महाराजलाई भेट्न जाँदा फलफूल, खानेकुरा, परिकार लिएर जाने गरेको ८३ बर्षकी तिरमाला बिकले विगतको कुरा सम्झँदै भन्नुभयो। कोशेली लिएर प्रभु महाराजलाई भेट्न जाँदा मनमा सोचेको कुरा प्रभु महाराजले पहिल्यै भनिदिन्थे। कसैलाई केही वरदान माग्नु परेमा विश्वास गरेर प्रभु महाराजको शरणमा गएमा आफूसँग भएको कुनै फूल, अक्षता, पात वा कुनै जङ्गली जनावर टिपेर वरदान दिनुहुन्थ्यो। विश्वास नगरेर औपचारिकताका लागि मात्र वरदान माग्न गएमा उल्टै गाली गरेर आगामी दिनमा अविश्वास लिएर नआउन भनी सम्झाएर फर्काउने गरेको विकले आफ्नो अनुभव सुनाउनु भयो। पछिल्लो समय प्रभु महाराज कहाँ गए के गरे केही थाहा भएन झुम्लाबाङका ७६ बर्षीया कृष्ण थापा मगर भन्नुहुन्छ। "प्रभु महाराज त्यहीं अन्तरध्यान भएको स्थान भएकाले गाउँलेहरु उक्त स्थानलाई विशेष धार्मिक स्थलको रुपमा श्रद्धा गर्दछन्।" प्रभु महाराज सात्विक भएकाले उक्त स्थानमा बलि चढाइदैन। नजिकै प्रभु महाराजको कुण्ड रहेको छ। उक्त कुण्डमा रहेको जल आफ्नो शिरमाथि छर्किएमा अज्ञानमा भएका छल पापहरू नष्ट भई पवित्र हुने विश्वास गरिएको थापा बताउँछन्।

## कुटी गुफाको छुट्टै विशेषता

प्रभु महाराज बसेको कुटी, उनले खाने पानीको कुवा तथा पर्खालको भग्नावशेष अझैसम्म राम्रोसँग देख्न सकिन्छ। पहिले गाउँका मानिसले वर माग्न गएमा जंगली जनावर, फल वा केही चिज टिपेर तिम्रो इच्छा पूरा हुने कुरा किम्बदन्ती भन्ने। अहिले पनि वैशाख जेठमा खडेरी परेमा गाउँले जम्मा भएर गाजाबाजासहित उक्त स्थानमा पानी माग्न जाने र साँझपख पानी पर्ने विश्वास गरिन्छ। जलजला देवताकै शाखा मानी वैशाख पूर्णिमामा पूजा हुने (दिशामार) पूजा आजा दृश्यावलोकन गरेर फर्किन सकिन्छ।

**लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी**

१. नेपाल पर्यटन बोर्डका अनुसार सन् २०२३ मा नेपाल आएका पर्यटकको संख्या कति रहेको छ ?

✍ १० लाख १५ हजार ८७६ जना (पर्यटक आगमनका हिसाबले प्रमुख पाँच राष्ट्रहरु क्रमश: भारत, अमेरिका, चीन, बेलायत र अस्ट्रेलिया)

२. विश्व पानी दिवस कहिले मनाइन्छ ?

✍ मार्च २२

३. तमु ल्होसार कुन जाति/समुदायले मनाउने चाड हो ?

✍ गुरुङ (हरेक वर्ष पौष १५ गते मनाउने गर्दछन्।)

४. नेपालको वर्तमान संघीय संरचना अनुसार गाउँपालिका नभएका जिल्लाहरु कुन-कुन हुन ?

✍ काठमाडौं र भक्तपुर

५. नेपालको संविधान (२०७२) अनुसार **नागरिकका कर्तव्य** सम्बन्धी व्यवस्था कुन धारामा व्यवस्था गरिएको छ ?

✍ धारा ४८

६. राष्ट्रिय परिचय पत्र वितरण सुरु कहिलेदेखि गर्न थालिएको हो ?

✍ वि.सं. २०७५/०८/०३ गतेदेखि (पाँचथरकी १०१ बर्षीय भगवती भन्डारीलाई पहिलो राष्ट्रिय परिचय पत्र प्रदान गरिएको।)

७. भिटामिन ए को रासायनिक नाम के हो ?

✍ रेटिनोल

८. गिरी दह कहाँ पर्दछ ?

✍ जुम्ला

९. मानिसको वैज्ञानिक नाम के हो ?

✍ होमो सेपिन्स

१०. अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को स्थापना कहिले भएको थियो ?

✍ सन् १९१९ (यसको प्रधान कार्यालय स्विजरल्याण्डको जेनेभामा रहेको छ।)

**११. विश्व पुस्तक तथा प्रतिलिपि अधिकार दिवस कहिले मनाइन्छ ?**

✍ अप्रिल २३

**१२. नेपाल इन्स्टिच्युट फर पोलिसी रिसर्चद्वारा सार्वजनिक नेपाल कम्पिटेटिभनेस इन्डेक्स-२०२२ अनुसार सात प्रदेशमध्ये उत्कृष्ट स्थानमा रहन सफल प्रदेश कुन हो ?**

✍ बागमती प्रदेश

*संकलन : चेतन बुढा मगर, भूमे-६, रुकुम (पूर्व)*

# संगठित अपराधको संवेदनशीलतामा बालबालिका



**देवीलाल विक**

सामान्यतया समुहमा मिलेर गरिने अपराध नै संगठित अपराध हो। मानब बेचबिखन, लागुऔषध कारोबार, सम्पत्ति शुद्धिकरण, विद्युतीय अपराध, आतङ्कवाद, एकाधिकार, कार्टेलिङ, भ्रष्टाचार एवम् बैङ्क ठगी संगठित अपराधको स्वरुपहरु हुन्।

औद्योगिक क्रान्तिसँगै स्थापित, संगठित र बिस्तारित भएको संगठित अपराधलाई विश्वव्यापीकरण, औद्योगिकरण, उदारीकरण, बजारीकरण, प्रविधिकरणले विश्वव्यापी जनसमुदायको घर आँगनसम्म बिस्तार गरिदियो, बालबालिकालाई प्रतिकूलताको स्थितिमा धकेलिदियो।

**अध्यता, एच. अविदिन किले संगठित अपराधको बारेमा गहन अध्ययन गरेका छन्, उनले संगठित अपराधका मुलतः ६ तत्व पहिल्याएका छन्-**

- सैद्धान्तिक रुपले परिभाषित गरिएको आपराधिक गतिविधि।
- पद सोपानसहितको संगठन।
- दक्ष जनशक्तिको प्रयोग।
- कार्य विभाजनसहितको संगठन।
- आन्तरिक नियमले व्यवस्थित गरिएको।
- स्वेच्छाचारी-एकछत्र अपराध।
- पेशेवर अपराधीलाई सहायक बनाउने प्रवृत्ति।

संगठित अपराधका समाजका प्रतिष्ठित व्यक्तिहरु सहभागी भएर गरिने आपराधिक क्रियाकलाप भएकाले यो नाटकीय किसिमको हुन्छ। पेशेवर अपराधीलाई सहायक बनाउने यस्तो अपराधको प्रमुख उद्धेश्य पुँजी संकलन हो। जसको पहिलो प्रहारमा बालबालिका पर्ने गर्दछन्।

नेपालको प्रचलित कानुनले १८ बर्ष नपुगेकालाई बालबालिका मानेको छ। विषयवस्तुप्रति कौतुहल, जिज्ञासु, चन्चल, उत्सुक र उर्जाले भरिएको बालबालिकालाई सैतानी दिमागले ग्रसित अपराधीको आपराधिक प्रयोगको सम्भावना बढी नै रहन्छ।

सुविचारित, सुसंस्कृत, सभ्यतायुक्त एवम् मायालु वातावरणमा हुर्किएको बालबालिका नै भोलिको समाज र देशको मार्गदर्शक एवम् पथ प्रदर्शक हो। बालबालिकालाई उचित शिक्षा, आवश्यक स्वास्थ्य, उपयुक्त हेरचाहको माध्यमबाट मायालु वातावरणमा अधिकार र समाज एवम् राज्यप्रतिको दायित्वबोध गराउनु हाम्रो कर्तव्य हो। यसर्थ भोलिको हाम्रो समाज कस्तो बनाउने भन्ने निर्धारण आज हामीले बालबालिकालाई कस्तो वातावरणमा हुर्काएका छौं भन्नेले गर्दछ।

**संगठित अवरोधक कुन स्वरुपले कसरी बालबालिकालाई प्रयोग तथा असर गर्दछ?**

मानब बेचबिखन, बालबालिकालाई आतङ्कवादी क्रियाकलापमा प्रयोग, प्रोनोग्राफीमा बालबालिकाको प्रयोग, आपराधिक क्रियाकलापमा बालबालिकाको प्रयोग, अपहरण एवम् शरिर बन्धकका घटनामा बालबालिका सजिलै प्रताडित हुन पुग्दछन्।

त्यसैगरी बालबालिकामाथि हुने जबरजस्ती करणी (बलात्कार), बालबालिकाको बेचबिखन, बाल यौन दुराचार, बालबिबाह, विद्युतीय अपराध, शारिरिक दण्ड, सजाय तथा यातना, घरेलु हिंसा, बालश्रम, अभद्र ब्यबहार, हैरानी तथा बालबालिकालाई श्रममा लगाउने विभिन्न किसिमको प्रथाहरु तथा लागुऔषधीको दुर्व्यसनीको शिकार बालबालिकाको जोखिमको क्षेत्रहरु हुन्।

**के हाम्रो वर्तमान अवस्था बालबालिकाको लागि जोखिमपूर्ण छ त?**

गरिबी, बेरोजगारी, अशिक्षा, लामो सशस्त्र द्वन्द, २०७२ सालको महाभूकम्प, बर्षेनी आउने प्राकृतिक विपत्ति एवम् प्रकोप तथा वर्तमानमा आएको विश्वव्यापी महामारी कोभिड-१९ कारणले प्रभावित हजारौं परिवारका बालबालिका यस्तो अपराधको जोखिममा रहेका छन्।

**अब के गर्ने त ?**

कार्यकारिणी शक्तिको वैधानिक अभ्यास गर्ने सरकार नागरिकको वास्तवमा अभिभावक पनि हो। भोलिको समाजको पथप्रदर्शक भएकोले सुविचारित, सुसस्कृत, सिर्जनशील र सक्षम बनाउन सरकारको दायित्व देहायका हुन सक्छन्-

- प्रचलित ऐन कानुनलाई सामयिक सुधार गरि अर्थपूर्ण कार्यान्ववयन गर्ने।
- राज्यका संयन्त्रहरुलाई बालबालिकामैत्री बनाउने।
- बालबालिकाको विकासमा पर्याप्त लगानी गर्ने।
- अनुचित क्रियाकलापमा संलग्नलाई कडा दण्ड सजायको व्यवस्था गर्ने।
- बालबालिका संरक्षण तथा सम्वर्द्धनमा स्थानीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सहकार्य गर्ने।

**अभिभावकले के गर्ने?**

- बालबालिकाको मनोविज्ञान बुझ्ने।
- बालबालिकाको सामाजिक संगतको बारेका जानकारी लिने तथा निगरानी गर्ने।
  - बालबालिकालाई नकारात्मक असर पर्ने कुनै किसिमको गतिविधि नगर्ने।
  - बालबालिकालाई कुनै किसिमको शारिरिक तथा मानसिक दण्ड सजाय नदिने।
- बालबालिकासँग खेल्ने, कुराकानी गर्ने, समय दिने र उनीहरुको उमेर अनुसार व्यवहार गर्ने।
  - बालबालिकालाई समय तालिकाअनुसार काम गर्न प्रेरित गर्ने।
  - कम्प्युटर, मोबाइलजस्ता विद्युतीय उपकरणमा **online chlid protection** लागु गर्ने।

**बालबालिकाले के गर्ने?**

- आफ्नो शरीरलाई अनावश्यक रुपमा सकेसम्म कसैलाई छुन नदिने, प्रतिरोध गर्ने बानीको बिकास गर्ने।
- यदि कसैले जबरजस्ती गर्न खोजेमा सम्भव भएसम्म भाग्ने, जोडले चिच्याएर अरुको सहयोग माग्ने।
- यौन दुर्व्यवहार भयो भने लुकाएर नराख्ने र अभिभावक वा कुनै बिश्वासिलो साथीलाई भन्ने।
- कुनै अपरिचित वा आफूले बिश्वास नगरेको व्यक्तिले पठाएको साथी बन्ने अनुरोधलाई स्वीकार नगर्ने।
- सकेसम्म साँझको समयमा एक्लै बाहिर घुम्न ननिस्कने।
- घरबाट विद्यालय आएको, साथीको घरमा आएको आफ्नो अभिभावकलाई जानकारी गराउने अपरिचितसँग यात्रा नगर्ने।

बालबालिका भविष्यको कर्णधार हुन्। बालबालिकालाई समाजको प्रतिकूलताबाट बचाई सक्षम, प्रतिस्पर्धी र सृजनशील बनाउन राज्य, समाज, अभिभावक र नागरिक सबैका हातेमालो जरुरी छ। तबमात्र बालबालिकाको लागि सुन्दर संसारको लागि सुन्दर कोपिला निर्माण गर्न सकिन्छ।

*(लेखक भूमे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हुनुहुन्छ।)*



भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. :- २०८०/८१
च.नं.:- ६५३

मितिः- वि.सं.२०८०/०९/१३ गते शुक्रवार

विषयः- सूचना टाँस गरी जानकारी गराउने सम्बन्धमा ।

**श्री वडा कार्यालयहरु सबै,**
**श्री कृषि, पशुपन्छी तथा मत्स्य सेवा प्राविधिकहरु सबै,**
**श्री स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु सबै,**
**भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग),**
**लुम्बिनी प्रदेश, नेपाल ।**

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सामाजिक तथा आर्थिक विकास शाखा, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल कार्यालयको यस चालु आ.व.२०८०/८१को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत दोस्रो चौमासिक अवधिमा सञ्चालन हुने कार्यक्रमहरुको लागि *दोस्रो पटक प्रकाशित कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धी सूचना (७ दिने)* त्यहाँ वडा कार्यालयको सूचना पाटीमा टाँस गरी वडावासी कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरुलाई जानकारी गराई सो को जानकारी पठाउनुहुन अनुरोध छ ।

साथै उक्त *कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धी सूचना (७ दिने)* थान १ (एक) यसै पत्रासाथ संलग्न गरी पठाईएको छ ।

........................
(देबि लाल वि.क.)
**प्रमुख प्रशासकीय अधिकृत**

देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**
श्री अध्यक्ष ज्यू, भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग)- जानकारीको लागि ।
श्री उपाध्यक्ष ज्यू, भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग)- जानकारीको लागि ।

# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खावाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

आर्थिक वर्षः- २०८०/८१
सूचना नं.:- २६

## कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धी सूचना।
(दोस्रो पटक सूचना प्रकाशित मितिः- वि.सं.२०८०/०९/१३ गते)

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सामाजिक तथा आर्थिक विकास शाखा, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल कार्यालयको यस चालु आ.व.२०८०/८१को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत दोस्रो चौमासिक अवधिमा सञ्चालन हुने *५० प्रतिशत अनुदानमा उन्नत आलु बीउ वितरण कार्यक्रम, जैविक विषादी वितरण कार्यक्रम, औद्योगिक बाली (उखु) प्रवर्द्धन कार्यक्रम, कन्दमुल बाली (सखरखण्ड) प्रवर्द्धन कार्यक्रम, तेलहन वाली (वदाम) प्रवर्द्धन कार्यक्रम, फलफूल वगैचा सुधार/उपचार सामग्री (निलोतुथो, कृषि चुन, आलसको तेल, ब्रस) वितरण कार्यक्रम, मसला बाली (अदुवा, हलेदो/वेसार) प्रवर्द्धन कार्यक्रम* र संघीय सरकारबाट हस्तान्तरित संघ विशेष अनुदान कार्यक्रमहरुतर्फ *५० प्रतिशत अनुदानमा व्यावसायिक च्याउ खेती तथा च्याउ बीउ वितरण कार्यक्रम, हिउँदे फलफूल (स्याउ, ओखर, किवी, नास्पाती, चेरी) विरुवा वितरण कार्यक्रम*मा सहभागी भई प्रत्यक्ष लाभ लिन चाहने *भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग)भित्रका कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरु*ले तपसिलमा उल्लेखित आवश्यक कागजातहरु संलग्न गरी *यो सूचना प्रकाशित भएको मितिले ७ दिन (वि.सं.२०८०/०९/१९ गते)भित्र* कार्यालय समयमा भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालय तथा सम्बन्धित वडा कार्यालयहरुमा माग गर्नुहुन यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

तपसिलः
कार्यक्रम माग गर्दा पेश गर्नपर्ने आवश्यक कागजातहरुः

- कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धमा निवेदन र छाप ।
- व्यक्तिगत कृषकको हकमा नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
- सञ्चालक/प्रोपाईटर/अध्यक्ष/सचिव/कोषाध्यक्ष/व्यवस्थापकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
- सम्बन्धित निकायमा दर्ता तथा नविकरण प्रमाण-पत्रको प्रतिलिपि ।
- स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- गत आ.व.२०७९/८०को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- गत आ.व.२०७९/८०को अन्तिम लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि ।
- समूह/संस्थाको हकमा कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धमा निर्णयको प्रतिलिपि ।

.............................
(स्वतन्त्र राज चौधरी)
कृषि प्रसार अधिकृत

स्वतन्त्र राज चौधरी
कृषि प्रसार अधिकृत

.............................
(देवि लाल वि.क.)
प्रमुख प्रशासकीय अधिकृत

देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्कका लागिः
१. कृषि प्रसार अधिकृत- स्वतन्त्र राज चौधरी :- ९८४१८०२७३२, ९८२२८२३८२६
२. प्रा.स.- मोहन कुमार डाँगी :- ९८४७८६१३२९
३. ना.प्रा.स.- विशाल पुन मगर :- ९८६६९०४६५६, ९८१०९४०९९५
४. ना.प्रा.स.- शिखर विश्वकर्मा :- ९८६८६२१८०४

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

नोट/पुनश्चः

- *व्यक्तिगत कृषकको हकमा:*
- *उन्नत आलु बीउ वितरण कार्यक्रमतर्फः- आलुको उन्नत बीउ ३०-५० के.जी.,*
- *जैविक विषादी वितरण कार्यक्रमतर्फः- कीटनाशक तथा रोगनाशक जैविक विषादी २-४ डिब्बा, मिश्रित सुक्ष्म खाद्यतत्व २-४ डिब्बा, जैविक मल २-४ डिब्बा*
- *औद्योगिक बाली (उखु) प्रवर्द्धन कार्यक्रमतर्फः- उखुको वानस्पतिक बिरुवा १५-३० वटा*
- *कन्दमुल बाली (सखरखण्ड) प्रवर्द्धन कार्यक्रमतर्फः- सखरखण्डको उन्नत बीउ ३०-५० के.जी.,*
- *तेलहन बाली (बदाम) बीउ प्रवर्द्धन कार्यक्रमतर्फः- बदामको उन्नत बीउ ५-१० के.जी.,*
- *फलफूल बगैंचा सुधार/उपचार सामग्री (निलोतुथो, कृषि चुन, आलसको तेल, ब्रस) वितरण कार्यक्रमतर्फः- निलोतुथो २-४ के.जी., कृषि चुन ४-८ के.जी., आलसको तेल १-२ लि. ब्रस १-२ वटा*
- *मसला बाली (अदुवा, हलेदो/बेसार) प्रवर्द्धन कार्यक्रमतर्फः- अदुवाको उन्नत बीउ ३०-५० के.जी., हलेदो/बेसारको उन्नत बीउ ३०-५० के.जी.*
- *व्यावसायिक च्याउ खेती तथा च्याउ बीउ वितरण कार्यक्रमतर्फः- कन्ये च्याउको बीउ ३-६ प्याकेट, सेतो प्लाष्टिक थैला/झोला आवश्यकता अनुसार, कालो प्लाष्टिक १-२ रोल*
- *हिउँदे फलफूल (स्याउ, ओखर, किवी, नास्पाती, चेरी) बिरुवा वितरण कार्यक्रमतर्फः- उल्लेखित प्रत्येक बालीको बिरुवा १०-३० वटा,*
- *कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरुको हकमा: व्यक्तिगत कृषकको हकमा उल्लेखित सामग्रीहरुको अधिकतम् के.जी., डिब्बा, वटा, लिटर, प्याकेट, रोल भन्दा बढी माग गर्नुपर्नेछ ।*
- *५० प्रतिशत अनुदानमा उन्नत आलु बीउ वितरण कार्यक्रम, जैविक विषादी वितरण कार्यक्रम, औद्योगिक बाली (उखु) प्रवर्द्धन कार्यक्रम, कन्दमुल बाली (सखरखण्ड) प्रवर्द्धन कार्यक्रम, तेलहन बाली (बदाम) प्रवर्द्धन कार्यक्रम, फलफूल बगैंचा सुधार/उपचार सामग्री (निलोतुथो, कृषि चुन, आलसको तेल, ब्रस) वितरण कार्यक्रम, मसला बाली (अदुवा, हलेदो/बेसार) प्रवर्द्धन कार्यक्रम, व्यावसायिक च्याउ खेती तथा च्याउ बीउ वितरण कार्यक्रम र हिउँदे फलफूल (स्याउ, ओखर, किवी, नास्पाती, चेरी) बिरुवा वितरण कार्यक्रम माग गर्दा कुल मूल्यको ५० प्रतिशत रकम अग्रीम जम्मा गर्नुपर्नेछ ।*
- *उल्लेखित कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धमा निवेदनको फारम/ढाँचा/नमूना भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालय, सम्बन्धित वडा कार्यालयहरु तथा भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग) कार्यालयको **वेवसाईट www.bhumemun.gov.np** र **फेसबुक पेज हेलो भूमे गाउँपालिका**बाट प्राप्त गर्न सकिनेछ ।*

स्वतन्त्र राज चौधरी
कृषि प्रसार अधिकृत

देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

**सूचना! सूचना!! सूचना!!!**

भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, रुकुम (पूर्वी भाग) र विकास सरोकार समाज (DECOS), रोल्पाको संयुक्त आयोजनामा तपसिलको मिति, समय र स्थानमा **भूमे गाउँपालिका स्तरीय बृहत कृषि मेला प्रर्दशनी कार्यक्रम-२०८०** सञ्चालन हुन गईरहेको हुनाले भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग)भित्रका सम्पूर्ण कृषक, उद्यमी, कृषि, पशुपन्छी, मत्स्य फार्म, कृषक समूह लगायत कृषि सहकारी संस्था लिमिटेडहरुले आफुले उत्पादन गरेको कृषि, पशुपन्छी, मत्स्य, हस्तकला, लघुउद्यमजन्य उत्पादित बाली/वस्तुहरु तपसिलको परिमाणमा लिएर उक्त मेलामा दर्ता/उपलब्ध गराई सम्मान तथा पुरस्कार जित्नुहुन अनुरोध गर्दछौं । साथै, उक्त कृषि मेलालाई अवलोकन गरेर भरपुर मनोरञ्जन लिनको लागि सम्पूर्ण आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरुको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**तपसिल:**

१. **खाद्यान्न बाली: (धान, मकै, गहुँ, कोदो, जौ, फापर आदि)**- बोट सहित वा दाना भए १ के.जी.
२. **दलहन बाली: (सिमी, भटमास, मुसुरो, केराउ, चना आदि)**- बोट सहित वा दाना भए १ के.जी.
३. **तेलहन बाली: (तोरी, बदाम, सूर्यमुखी आदि)**- बोट सहित वा दाना भए १ के.जी.
४. **मसला बाली: (लसुन, अदुवा, बेसार, अलैंची आदि)**- बोट सहित
५. **औद्योगिक/नगदे/कन्दमुल बाली: (उखु, आलु, सखरखण्ड, तरुल आदि)**- बोट सहित
६. **फलफूल बाली: (स्याउ, ओखर, हलुवावेद, किवी, सुन्तला, कागती, अमिलो आदि)**- झुप्पा/फल सहितको हाँगा
७. **तरकारी बाली: (काउली, बन्दा, टमाटर, रायो/भाजी साग, मुला, गाजर, काँक्रो, फर्सी आदि)**- बोट सहित
८. **पशुपालन (गाई, भैसी, भेडा, बाख्रा, बंगुर, सुँगुर आदि)**- २६ गते विहान ८ बजेभित्र ल्याउनुपर्ने तर दर्ता अघिल्लो दिनको निर्धारित समयमा गर्नुपर्ने ।
९. **पन्छीपालन (स्थानीय कुखुरा, हाँस, टर्की, कालिज आदि)**- २६ गते विहान ८ बजेभित्र ल्याउनुपर्ने तर दर्ता अघिल्लो दिनको निर्धारित समयमा गर्नुपर्ने ।
१०. **हस्तकला तथा लघुउद्यम:**- स्थानीय स्तरमा उत्पादित चिज/वस्तुहरु
११. **विविध बाली: (मौरी, च्याउ, माछा आदि)**- मौरीको चाका, च्याउको डल्लो र माछा जिउँदो सहित

**मिति:**- वि.सं.२०८०/०९/२५ र २६ गते
**स्थान:**- भूमे गाउँपालिका वडा नं.-२, खाबाङ बगर, रुकुम (पूर्वी भाग)
**बाली/वस्तु दर्ता मिति:**- २०८०/०९/२५ गते बुधवार विहान ०८:०० बजेदेखि बेलुका ०५:०० बजेसम्म
**सम्मान तथा पुरस्कार वितरण:**- मिति वि.सं. २०८०/०९/२६ गते बिहिवार दिउँसो ०१:०० बजे ।
**थप जानकारीको लागि:**- ९८४१८०२७३२, ९८४७८६१३२९, ९८६६९०४६५६, ९८६८६०८७२३, ९८६६९३१८२१

देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

**आयोजक:**
भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग)
विकास सरोकार समाज (DECOS), रोल्पा ।